# उच्च पहाडीक्षेत्र पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि ,२०७६

प्रस्तावना: उच्च पहाडीक्षेत्रलाई लक्षित गरि याक/चौरी र भेडा प्रवर्द्धन कार्यक्रम व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले संचालन गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ,२०७५"को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "उच्च पहाडीक्षेत्र पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले कार्यक्रम सञ्चालनका लागि सम्वन्धित साझेदारलाई प्रदेश सरकारवाट प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले उच्च पहाडीक्षेत्र पशु विकास कार्यक्रम भन्ने सम्झनु पर्दछ।

(ग) "कार्यालय प्रमुख" भन्नाले सम्वन्धित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "कार्ययोजना" भन्नाले सम्बन्धित कार्यालयको अभिमूखिकरण अनुरुप साझेदारले आफ्ना आवश्यकता अनुसारका कृयाकलाप र बजेटको आंकलन सहित निर्धारित ढाँचामा तयार गरि सम्वन्धित कार्यालयमा पेश गरेको बार्षिक कार्यक्रम/योजनालाई जनाउँछ ।

(ङ) "कार्यविधि" भन्नाले उच्च पहाडीक्षेत्र पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(च) "कोष" भन्नाले उच्च पहाडीक्षेत्र पशु विकास कार्यक्रम सञ्चालनका लागि साझेदारले संयुक्त बैङ्क खाता मार्फत सञ्चालन गरेको कोषलाई सम्झनु पर्दछ ।

(छ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(ज) "पकेट क्षेत्र" भन्नाले भौगोलिक तथा वातावरणीय हिसावले याक/चौरी वा भेंडा पालनका लागि उपयुक्त रहेको र तुलनात्मक रुपमा त्यस्ता पशुहरुको संख्यात्मक उपस्थिति र पालन कार्य वढी हुने भनि पहिचान भएका वा भविष्यमा त्यस्ता पशु पालन हुने क्षेत्रको रुपमा विकास गरिने स्थान विपेशलाई सम्झनु पर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(ञ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

(ट) “समूह” भन्नाले कम्तिमा दश जना कृषक [illegible] प्रचलित कानून बमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेखित भई बनेको कृषक समूहलाई सम्झनु पर्दछ ।

(ठ) “सम्वन्धित कार्यालय” भन्नाले कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त मन्त्रालय, निर्देशनालय र विज्ञ केन्द्र समेतलाई सम्झनु पर्दछ ।

(ड) “समिति” भन्नाले कम्तिमा पाँच वटा कृषक समूहको प्रतिनिधित्व हुने गरि विधानतः गठित र सम्बन्धित निकायबाट आधिकारिकता प्रदत्त समितिलाई सम्झनु पर्दछ ।

(ढ) “साझेदार” भन्नाले लागत सहभागितामा उच्च पहाडीक्षेत्र पशु विकास कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित कार्यालय संग द्विपक्षीय सम्झौता भएका कृषक समूहलाई सम्झनु पर्दछ ।

(ण) “साझेदारी” भन्नाले उच्च पहाडीक्षेत्र पशु विकास कार्यक्रम सञ्चालन गर्नका लागि सम्वन्धित कार्यालय र साझेदारका विच द्विपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्यहरु:</u> यो कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन:-

(क) उच्च पहाडीक्षेत्रमा पालिने याक/नाक/चौरी र भेंडाको संरक्षण र प्रवर्द्धन गर्ने ।

(ख) याक/नाक/चौरी र भेंडाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।

(ग) उच्च पहाडीभेगमा आय आर्जन, स्वरोजगार र कृषि पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउने ।

(घ) पशु आनुवँशीक श्रोत संरक्षणमा टेवा पुर्याउने ।

## परिच्छेद –२

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

४. <u>कार्यक्रम सञ्चालन प्रकृया:</u> (१) सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार याक/चौरी वा भेंडा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) सम्बन्धित कार्यालयले याक/चौरी वा भेंडा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि स्थान छनौटका आधारहरुलाई ध्यानमा राख्दै जिल्लाको सम्भावना अनुसार पकेट क्षेत्रहरुको पहिचान र प्राथमिकिकरण गरी पशु विकास कार्यदलमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएका पकेट क्षेत्रहरु मध्येबाट वा आवश्यकता अनुसारको थपघट पश्चात कार्यक्रम सञ्चालन हुने पकेट क्षेत्रको अनुमोदन उपदफा (४) बमोजिमको पशु विकास कार्यदलले गर्नेछ ।

(४) याक/चौरी वा भेंडा प्रवर्द्धन कार्यक्रम संचालन हुने जिल्लामा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको एक पशु विकास कार्यदल गठन गरिनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति — संयोजक

सचिव

प्रमुख सचिव

(ख) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति सदस्य

(ग) प्रमुख, कृषि ज्ञान केन्द्र/सम्पर्क केन्द्र सदस्य

(घ) प्रमुख, वन डिभिजन कार्यालय सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सदस्य

(च) लेखा शाखाको प्रमुख सदस्य

(छ) प्रमुख, सम्वन्धित विज्ञ केन्द्र सदस्य

(ज) सम्बन्धित कार्यालयको कार्यक्रम हेर्ने सम्पर्क व्यक्ति सदस्य सचिव

(५) उपदफा (४) बमोजिमको कार्यदलको बैठकमा आवश्यकता अनुसार बढीमा दुई जनालाई आमन्त्रण गर्न सकिनेछ ।

(७) पशु विकास कार्यदलको वैंठक आवश्यकता अनुसार बस्नेछ ।

(८) पशु विकास कार्यदलको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम संचालन गरिने पकेट क्षेत्रको छनौट र अनुमोदन ।

(ख) सम्बन्धित साझेदारबाट प्रस्तावित कार्ययोजना र कार्यक्रमको अनुमोदन ।

(ग) संचालित कार्यक्रमहरुको स्थलगत अनुगमन र पृष्ठपोषण ।

(घ) कार्य प्रगतिको समिक्षा र आवश्यक समन्वय ।

(९) सम्वन्धित कार्यालयले छनौट भएको पकेट क्षेत्रमा स्थानिय तहका प्रतिनिधि, पशु सेवा शाखाका प्राविधिक, कृषक र अन्य सरोकारवालहरुको भेला गराई कार्यक्रम बारे जानकारी दिनेछ । सोही भेलाबाट कार्यक्रममा सहभागी हुने कृषकहरुको छनौट गरि प्रति समूह कम्तिमा दश जना कृषक रहने गरि गठन गरिएको समूहको *अनुसूची– १* अनुसारको विवरण तयार गर्नेछ ।

(१०) समूह गठन गर्दा कृषक संख्या अपुग हुने भए पायक पर्ने नजिकको स्थानिय तह वा जिल्लाबाट समेत समावेस गर्न सकिनेछ ।

(११) उपदफा (८) बमोजिम गठित समूहले समूह सञ्चालन विधान बनाइ सम्वन्धित स्थानिय तहमा समूह दर्ता गर्नेछ । यसरी गठित भएका कम्तिमा पाँच वटा समूहको प्रतिनिधित्व हुने गरि समिति गठन गर्न सकिनेछ ।

(१२) साझेदारले कार्य सिमितिका अध्यक्ष, कोषाध्यक्ष र सम्वन्धित कार्यालय वा स्थानिय तहको पशु सेवा शाखाको प्राविधिकको दस्तखतबाट सञ्चालन हुने संयुक्त बैङ्क खाता खोल्नेछ ।

(१३) सम्वन्धित कार्यालयले साझेदारलाई कार्ययोजना वा वार्षिक कार्यक्रम तयार गर्न अभिमुखिकरण गर्नेछ र साझेदारले आफ्नो आवश्यकता अनुसार कृयाकलापहरु समावेस गरि *अनुसूची– २* बमोजिमको बार्षिक कार्ययोजना सम्वन्धित कार्यालयमा पेश गर्नेछ ।

सचिव



प्रमुख सचिव

(१४) सम्वन्धित कार्यालयले उपदफा (१३) बमोजिम पेश भएको कार्ययोजना पशु विकास कार्यदलबाट अनुमोदन गराई स्वीकृत गर्ने तथा सम्वन्धित साझेदार संग द्विपक्षीय सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नेछ ।

(१५) साझेदारले चौमासिक रुपमा सम्वन्धित कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

५. <u>सम्झौताः</u> (१) सम्बन्धीत कार्यालयले साझेदार सँग *अनुसूची–३* बमोजिमको द्विपक्षीय सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(२) सम्झौताको जानकारी सम्बन्धित स्थानिय तहमा पठाईनेछ ।

(३) द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

६. <u>कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्वः</u> (१) कार्यक्रम कार्यान्वयनका सिलसिलामा पकेट क्षेत्र छनौट, अनुमोदन, समुह गठन, अभिमूखिकरण, कार्ययोजना तयारीमा सहजिकरण, कार्ययोजना अनुमोदन र स्विकृति, सम्झौता र भुक्तानि सम्बन्धि जिम्मेवारी र दायित्व सम्वन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र उच्च गुणस्तर कायम राखि सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्वन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(४) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्वन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

७. <u>भुक्तानी प्रकृयाः</u> (१) सम्बन्धित कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोक्नेछ । अर्थातः सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको पचहत्तर प्रतिशत बराबर मानी बाँकी पच्चिस प्रतिशत रकम सम्वन्धित साझेदारले व्यहोर्नु पर्नेछ ।

(२) सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमको भुक्तानी बढिमा दुई किस्तामा साझेदारको संयुक्त बैङ्क खातामा हुनेछ ।

(३) सम्बन्धित कार्यालयले सम्झौता रकमको बढिमा पचास प्रतिशत बराबर प्रथम किस्ता बापत पेश्की निकासा दिन सक्नेछ । दोश्रो किस्ता निकासाका लागि प्रथम किस्ताबाट सम्पादित कार्यहरुको नियमानुसारको विल/विजक, प्राविधिक प्रतिवेदन र सम्वन्धित कार्यालय वा स्थानिय तह पशु सेवा शाखाको स्थलगत निरीक्षण प्रतिवेदन र सिफारिस सहित सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

प्रमुख सचिव

सचिव

(४) साझेदारले कार्यक्रम सम्पन भए पश्चात सम्वन्धित सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) समूहमा आबद्ध कृषकहरुले पालेका पशु तथा पशुजन्य उत्पादन विवरण, प्रगति प्रतिवेदन र अन्य अभिलेखिकरण गर्ने कार्यका लागि कार्य समितिका अध्यक्ष वा सचिव वा अध्यक्षले तोकेको कुनै सदस्यवाट गराउने प्रयोजनका लागि अनुदान रकमवाट बढिमा मासिक चार हजार रुपैयाँ पारिश्रमिक भुक्तानी गर्न सकिनेछ ।

(६) साझेदारको कोषको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(७) साझेदारले आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र कोषको विवरण र अन्य कागजातहरु फरफारकका लागि सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. <u>अनुगमन र मूल्याङ्कनः</u> (१) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र नियमावली वमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सवैले बुझ्ने भाषामा होर्डिङ वोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

(५) सम्बन्धित कार्यालयले समय समयमा *अनुसूची–५* वमोजिम अनुगमन कार्यका लागि प्राविधिक परिचालन गर्नेछ ।

## परिच्छेद-३

## <u>याक/चौरी प्रवर्द्धन कार्यक्रम</u>

९. <u>कार्यक्रम संचालनका लागि पकेट क्षेत्र छनौटका आधारहरु:</u> सम्बन्धित कार्यालयले याक/चौरी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्रहरुको छनौट र प्राथमिकिकरण गर्दा देहायका बुँदामा ध्यान दिनेछः-

(क) भौगोलिक तथा वातावरणीय हिसाबले याक/चौरी पालनको सम्भावना भएको ।

(ख) तुलनात्मक हिसाबले याक/चौरीको संख्या बढि भएको ।

(ग) विगतमा विज्ञ केन्द्रले याक/चौरी पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको ।

(घ) याक/चौरी पालनमा संलग्न कृषकहरुको वाहुल्यता रहेको ।

(ङ) चरिचरनको उपलव्धता तथा चरन खर्क सुधारको आवश्यक र सम्भावना रहेको ।

(च) याक/चौरी पालन व्यवसाय विस्तारको सम्भावना रहेको ।

(छ) कार्यक्रम प्रति कृषकहरुको रुचि र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको ।

१०. <u>अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरुः</u> सम्बन्धित कार्यालयवाट प्रदान गरिने अनुदानवाट साझेदारहरुले देहाय बमोजिमका कृयाकलापहरु सञ्चालन गर्न सक्नेछनः-

(क) गोठ तथा घुम्ति गोठ सुधार

(ख) घुम्तिगोठका गोठालाहरुका लागि बन्दोबस्तिका सामग्री

(ग) चरन क्षेत्रमा पहुँचका लागि काठेपुल र गोरेटो निर्माण

(घ) चरन खर्क सुधार, झाँडी वुट्यान र विषालु झारपात हटाउने

(ङ) चरन क्षेत्रमा पिउने पानीको प्रवन्ध र मुहान संरक्षण

(च) चौंरीको दुध संकलन, ढुवानी, गुणस्तर सुधार, दूध प्रशोधन, दुग्धजन्य पदार्थको विविधिकरण र बजारिकरण

(छ) व्याडका लागि याक खरिद

(ज) याक/चौरीमा आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण र पशु उपचार

(झ) पशु खोप सेवा सञ्चालन

(ञ) क्षमता विकास तालिम, आन्तरिक अवलोकन भ्रमण र अन्तरकृया गोष्ठी

(ट) प्रगति प्रतिवेदन, अभिलेखिकरण र तथ्याङ्क अध्यावधिकका लागि पारिश्रमिक आदि ।

(ठ) स्थान बिषेशको आवश्यकताका आधारमा सम्बन्धित कार्यालयले उचित ठानेका याक/चौरी पालन प्रवर्द्धनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु ।

११. <u>अनुदान प्रवाहका शर्तहरुः</u> (१) सम्झौतामा उल्लेखित रकम भन्दा बढीको कृयाकलापहरु समूह स्वयंले बेहोर्ने वा अन्य श्रोतको व्यवस्था गरि सञ्चालन गर्नु पर्नेछ ।

(२) अनुदान प्राप्त गर्ने कृषकहरुले कम्तिमा दश वर्ष सम्म याक/चौरी पालन व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।

(३) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीवाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

(४) याक/चौरी प्रबर्द्धन कार्यक्रममा आवद्ध प्रत्येक कृषकले कार्यक्रमको अन्त्य सम्ममा कम्तिमा वीस वटा प्रजनन योग्य याक/चौरीहरु पालेको हुनु पर्नेछ ।

(५) गोठ/घुम्ति गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, वैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(६) चरन खर्क सुधार, विषालु घाँस नियन्त्रण, हे प्रविधि अवलम्वन तथा घाँस खेति र संरक्षणका उपायहरु अवलम्वन गर्नु पर्नेछ ।

सचिव



प्रमुख सचिव

(७) साझेदारले चौमासिक अवधिमा अनुसूची-७ बमोजिमको विवरण सम्वन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-४

## भेंडा प्रवर्द्धन कार्यक्रम

१२. <u>कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्र छनौटका आधारहरु:</u> सम्वन्धित कार्यालयले भेंडा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्रहरुको छनौट र प्रामथिकिकरण गर्दा देहायका वुँदामा ध्यान दिनेछः-

(क) भौगोलिक तथा वातावरणीय हिसावले भेंडा पालनको सम्भावना भएको ।

(ख) तुलनात्मक हिसाबले भेंडाको संख्या वढि भएको ।

(ग) बिगतमा विज्ञ केन्द्रले भेंडा पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको ।

(घ) भेंडा पालनमा संलग्न कृषकहरुको बाहुलयता रहेको ।

(ङ) चरिचरनको उपलव्धता तथा चरन खर्क सुधारको आवश्यक र सम्भावना ।

(च) भेंडा पालन व्यवसाय विस्तारको सम्भावना ।

(छ) कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्बयनको सम्भावना ।

१३. <u>अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरु:</u> सम्बन्धित कार्यालयवाट प्रदान गरिने अनुदानवाट साझेदारहरुले देहाय बमोजिमका कृयाकलापहरु सञ्चालन गर्न सक्नेछनः-

(क) खोर तथा घुम्ति गोठ सुधार

(ख) घुम्तिगोठका गोठालाहरुका लागि बन्दोबस्तिका सामग्री

(ग) चरन क्षेत्रमा पहुँचका लागि काठेपुल र गोरेटो निर्माण

(घ) चरन खर्क सुधार, झाडि बुट्यान र विषालु झारपात हटाउने

(ङ) चरन क्षेत्रमा पिउने पानिको प्रबन्ध र मुहान संरक्षण

(च) भेंडा/थुमा खरिद, हिट सन्क्रोनाइजेशन तथा मौपमि कृत्रिम गर्भाधन सेवा सञ्चालन

(छ) उन काटने तथा राडी/पाखी वुन्ने मेशिन र औजार उपकरण खरिद

(ज) उन तथा उनजन्य उत्पादन विविधिकरण र वजारिकरण

(झ) भेंडामा आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण र पशु उपचार

(ञ) पशु खोप सेवा र प्रयोगशाला सेवा सञ्चालन

(ट) क्षमता विकास तालिम, आन्तरिक अवलोकन भ्रमण र अन्तरकृया गोष्ठी

(ठ) प्रगति प्रतिवेदन, अभिलेखिकरण र तथ्याङ्क अध्यावधिकका लागि पारिश्रमिक आदी ।

(ड) स्थान विषेशको आवश्यकताका आधारमा सम्बन्धित कार्यालयले उचित ठानेका भेंडापालन प्रवर्द्धनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु ।



सचिव

सचिव

१४. <u>अनुदान प्रवाहका शर्तहरुः</u> (१) सम्झौतामा उल्लेखित रकम भन्दा अधिकका कृयाकलापहरु समूह स्वयंले बेहोर्ने वा अन्य श्रोतको व्यवस्था गरि सञ्चालन गर्नु पर्नेछ ।

(२) अनुदान प्राप्त गर्ने कृषकहरुले कम्तिमा दश वर्ष सम्म भेंडा पालन व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।

(३) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीवाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

(४) भेंडा प्रवर्द्धन कार्यक्रममा आवद्ध प्रत्येक कृषकले कार्यक्रमको अन्त्य सम्ममा कम्तिमा पच्चिस वटा प्रजनन योग्य भेंडा पालेको हुनु पर्नेछ ।

(५) गोठ/घुम्ति गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, वैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(६) चरन खर्क सुधार, विषालु घाँस नियन्त्रण, हे प्रविधि अवलम्वन तथा घाँस खेति र संरक्षणका उपायहरु अवलम्वन गर्नु पर्नेछ ।

(७) साझेदाले चौमासिक अवधिमा *अनुसूची– ४* बमोजिमको विवरण सम्वन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-५

## <u>विविध</u>

१५. <u>कार्वाही:</u> यो कार्यविधि बमोजिम अनुदानको दुरुपयोग भएको पाइएमा प्रचलित कानून वमोजिम कार्वाही गरि असुल उपर गरिने छ ।

१६. <u>आर्थिक प्रशासन सेवाः</u> कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परीक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रादेशिक र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१७. <u>प्रचलित कानून लागु हुनेः</u> कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यो कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

१८. <u>बाधा अड्काउ फुकाउनेः</u> यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै वाधा अडकाउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो वाधा अडकाउ फुकाउन सक्नेछ ।

१९. <u>खारेजी एवं संशोधनः</u> प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संसोधन गर्न सक्नेछ ।

सचिव

प्रमुख सचिव

अनुसूची-१

## कार्यक्रममा आवद्ध कृषकको विवरण

कार्यक्रमको नामः

साझेदारको नामः ठेगानाः

कार्यसमितिका पदाधिकारीहरुः

| क.स. | नाम | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | | | अध्यक्ष | |
| २ | | | कोषाध्यक्ष | |
| ३ | | | सचिव | |

कार्यक्रममा आबद्ध कृपकहरुको विवरण

| सि.नं. | कृषकको नाम | ठेगाना | उमेर (बर्ष) | परिवार संख्या | याक/चौंरी प्रवर्द्धन समूहको पशु संख्या | | | | भेंडा प्रवर्द्धन समूहको पशु संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | याक | नाक | चौंरी | बाच्छा/बाच्छि | भेंडी | थुमा | पठेङ्ग्रा/पठेङ्ग्री | पाठा/पाठी |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

सचिव

प्रमुख सचिव

अनुसूची– २

प्रदेश नं.–२

वार्षिक कार्ययोजना फारम

कार्यक्रमको नामः

साझेदारको नामः ठेगानाः

आ.ब.

| सि. नं. | क्रियाकलाप | इकाइ | बार्षिक लक्ष | बार्षिक बजेट रु | प्रथम चौमासिक बजेट रु | द्वितिय चौमासिक बजेट रु | तृतिय चौमासिक बजेट रु | संचालन हुने महिना | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | जम्मा | | | | | | | | |

तयार गर्ने: पेश गर्ने: स्वीकृत गर्ने:

प्रमुख सचिव

अनुसूची-३

## याक/चौंरी वा भेंडा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि सम्झौता पत्र

प्रदेश सरकार, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ......... को आ.व.............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **याक/चौंरी वा भेंडा प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्नका लागि मिति ............ को पशु विकास कार्यदलको बैठकको निर्णयबाट अनुमोदित कार्यक्रम संचालन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ......... *(यस पछि प्रथम पक्ष भनिने)* र श्री .............*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गर्न मन्जुर भै यो द्विपक्षीय सम्झौता गरिदियौं/लियौं । इति सम्वत ....साल ........महिना ....... गते .......रोज शुभम् ।

तपसिल

(१) याक/चौंरी वा भेंडा प्रवर्द्धन कार्यक्रम .......जिल्ला ...... नगर/गाउँपालिका ........... वडामा मिति ............ सम्ममा सम्पन्न गरिनेछ ।

(२) दोश्रो पक्षले पेश गरेको स्वीकृत वार्षिक कार्ययोजना मुताविक निम्न कृयाकलापहरु सञ्चालनका लागि प्रथम पक्षले रु ....... (अक्षरुपी .....) अनुदान उपलब्ध गराउनेछ ।

| *क.स.* | *कृयाकलाप विवरण* | *अनुमानित लागत रु.* |
|---|---|---|
| | | |
| | | |
| जम्मा | | |

(३) प्रथम पक्षले प्रदान गर्ने अनुदान रकमबाट तिन प्रतिशत कन्टिजेन्सी बापत र नियमानुसारका अन्य कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खातामा दुई किस्तामा भुक्तानी दिइनेछ ।

(४) दोश्रो पक्षले आफ्नो पकेट क्षेत्रका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेट तर्जुमा गरी सम्वन्धित कार्यालयमा स्वीकृतिको लागि पेश गर्नेछ ।

(५) कार्यक्रम कार्यान्वियनका लगि आवश्यक निर्माण सम्वन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी र सञ्चालनको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यक्रमको अनुगमन/निरिक्षण गरी सम्झौता अनुसार कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

(७) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सवै प्रकारका दायित्व र जिम्मेवारी दोश्रोप क्षको हुनेछ ।

(८) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि होर्डीङ्ग वोर्ड सवैले देख्ने गरी राख्नु पर्नेछ ।



सचिव

सचिव

(९) दोश्रो पक्षले व्यवसाय विस्तार तथा सुदृढिकरणको लागि ऋणको आवश्यकता महसुस गरेमा प्रथम पक्षले वित्तिय संस्था सँगको समन्वयमा सहजिकरण गर्नेछ ।

(१०) दोश्रो पक्षले स्वीकृत कार्ययोजना मुताविकका कृयाकलापहरुको चौमासिक प्रगति विवरण प्रथम पक्षलाई अनिवार्य उपलब्ध गराउनेछ ।

(११) दोश्रो पक्षले स्थापित कोषको नियमानुसारको लेखा परीक्षण गराउने पर्नेछ ।

(१२) दोश्रो पक्षले सम्पुर्ण कार्यहरु उच्च गुणस्तर राखि सम्पन्न गर्ने तथा तथ्याङ्क र अभिलेखहरु अद्यावधिक गरि राख्नेछ ।

(१३) संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नभएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन प्रथम पक्ष वाध्य हुनेछैन ।

(१४) कार्यक्रमको अवधि समाप्त भए पश्चात पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनेछ ।

(१५) कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

(१६) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस नियमावली, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

(१७) दोश्रो पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बरावरको रकम सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

(१८) *याक/चौरी वा भेंडा प्रवर्द्धन कार्यक्रमका लागि द्विपक्षीय सम्झौताको एउटै नमूना दिइएकाले सञ्चालन हुने कार्यक्रम संग मेल खाने किसिमले सम्झौता तयार गर्नु पर्नेछ । साथै सम्झौतामा आवश्यकता अनुसार सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ ।*

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| कार्यालय प्रमुखको | साझेदार अध्यक्षको |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | छापः |

सचिव

प्रमुख सचिव

अनुसूची-८

## प्रगति विवरण फाराम

कार्यक्रमको नामः

साझेदारको नामः

ठेगानाः

प्रगति विवरणको अवधिः मिति ............ देखि ............... सम्म

| सि. नं. | सम्पन्न क्रियाकलाप | इकाइ | परिमाण | बार्षिक लक्ष | हाल सम्मको प्रगति | कुन ठाँउँमा के गरियो भन्ने विवरण उल्लेख गर्ने | लाभान्वित कृषक परिवार संख्या | हाल सम्मको खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

सचिव

पेश गर्नेः

प्रमुख सचिव

अनुसूची-५

## कार्यक्रम अनुगमन फाराम

(१) कार्यक्रमको नामः

(२) साझेदारको नामः

(३) ठेगानाः

(४) कार्यक्रम सुरु भएको वर्षः

(५) कोष स्थापना भएको मितिः

(६) कोषको आर्थिक विवरणः

- (क) सम्वन्धित कार्यालयबाट प्राप्त रकम रु.
- (ख) समूहको बचत रु.
- (ग) अन्य संस्थाबाट प्राप्त रकम रु.
- (घ) सेवा शुल्क वा अन्य आयबाट प्राप्त रकम रु.
- (ङ) बैंकमा जम्मा गरेको कोषको रकमबाट आर्जित ब्याज रु.
- (च) हाल सम्मकफ खर्च रु.
- (छ) कोषको कूल मौज्दात रु.

(७) कोषबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृषक संख्याः

(८) कोषमा हालसम्म सहयोग गर्ने अन्य संस्थाको नाम र ठेगानाः

(९) स्थान अनुसार गोठ/खोरको बनावट वैज्ञानिक भए/नभएको विवेचनाः

(१०) समुहमा भएको पशु तथा पशुजन्य उत्पादन र बेचविखनको विवरण

| क्र.स. | विवरण | इकाई | उत्पादन परिमाण | बेचविखन परिमाण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(११) घास विकास र चरन खर्क सुधारको अवस्थाः

सचिव

प्रमुख सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
बिराटनगर, नेपाल

(१२) समूहमा रहेका पशुको अवस्थाः

(१३) समूहमा तथ्याङ्क र रेकर्डहरु अध्यावधिकको अवस्थाः

(१४) समूहको कृयाशिलता र लक्षित कार्यक्रम सम्पादन हुने अवस्थाः

(१५) समूहले गरेका उल्लेखनिय कार्यः

(१६) समूहले भोगेका समस्याः

(१७) समस्या समाधानको पहलः

(१८) अनुगमन टोलिले दिएका सूझावहरुः

अनुगमनकर्ताको नामः
पदः
हस्ताक्षरः
मितिः

साझेदार पदाधिकारीको नामः
पदः
हस्ताक्षरः
मितिः
छापः